# सान्जेन जलविद्युत कम्पनी लिमिटेड
# महाराजगंज, काठमाडौं।

बिक्रम सम्बत २०७७ साल पौष २४ गते शुक्रबारका दिन
चिलिमे जलबिद्युत कम्पनी लिमिटेड ,बैठक कक्ष धुम्बाराही, काठमाडौंमा सम्पन्न
सान्जेन जलबिद्युत कम्पनी लिमिटेडको

## दशौं वार्षिक साधारण सभाको निर्णय पुस्तिका

१. **पृष्ठभूमि**

यस कम्पनीको नियमावलीमा ब्यवस्था भए बमोजिम सञ्चालक समितिको २०८औं बैठकको निर्णयानुसार मिति २०७७/०९/२४ गते (तदनुसार जनवरी ८, २०२१) बुधवार दिनको ११:०० बजे बोलाइएको साधारण सभामा चिलिमे जलविधुत कम्पनीको वैठक कक्ष, धुम्वाराही काठमाडौंबाट सञ्चालन गरिएको थियो। साधारण सभामा शेयरधनीले Virtual माध्यम Google Meet मार्फत पनि सहभागि हुन सक्ने गरी ब्यवस्था गरिएको थियो। साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष श्री मनोज सिलवालज्यूले गर्नु भएको थियो। उक्त सभामा कम्पनी सचिवले सवै सञ्चालक, पदाधिकारी तथा शेयरधनीहरुलाई स्वागत गर्दै आसन ग्रहण गराउनु भयो। तत् पश्चात अध्यक्षज्यूको अनुमति लिई कम्पनी सचिवले दशौं वार्षिक साधारण सभाको कार्यक्रम संचालन गर्नु भएको थियो।

(क) **सभाको सूचना तथा प्रकाशनः**

कम्पनीको दशौं वार्षिक साधारण सभा सम्वन्धी सूचना र छलफल हुने बिषयहरुको सूची तथा कम्पनी ऐन २०६३ को दफा ८४ अनुसारको संक्षिप्त आर्थिक विवरणहरु, सूचना तथा वार्षिक प्रतिवेदन शेयरधनीहरुको सुविधाको लागि कम्पनीको वेभ पेज www.sjcl.com.np मा समेत हेर्न मिल्ने गरी व्यवस्था गरिएको थियो।
मिति २०७७/०८/२९ गतेको नयाँ पत्रिका दैनिकमा सूचना प्रकाशन गरी सबै शेयरधनीहरुलाई साधारण सभामा भाग लिन आमन्त्रण गरिएको थियो। सो सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्सचेन्ज लि. मा समेत जानकारी गराइएको थियो।

(ख) **उपस्थितिः**

(अ) **संचालकहरुको उपस्थितिः**

| | |
|---|---|
| १. श्री मनोज सिल्वाल | अध्यक्ष |
| २. श्री लोकहरी लुईटेल | सञ्चालक |
| ३. श्री शान्ति लक्ष्मी शाक्य | सञ्चालक |
| ४. श्री सुभाष कुमार मिश्र | सञ्चालक |
| ५. श्री नारायण प्रसाद आचार्य | सञ्चालक |
| ६. श्री राजाराम श्रेष्ठ | सञ्चालक |

(आ) **कम्पनी रजिष्ट्रारको कार्यालयको प्रतिनिधि तथा लेखापरिक्षकको उपस्थितिः**

| | |
|---|---|
| श्री कम्पनी रजिष्ट्रारको कार्यालयको | प्रतिनिधि श्री राजेन्द्र कुमार लम्साल, श्रीकमल प्रसाद निरौला |
| श्री लेखापरिक्षक | श्री प्रतिक खनाल |

श्री सनराइज क्यापिटल लि. प्रतिनिधि    श्री विजयलाल श्रेष्ठ

(इ) **साधारण सभामा संस्थापक शेयधनीहरुको उपस्थिति**

| क्र.सं. | संस्थापक शेयरधनीहरुको नाम | प्रतिनिधित्व गरेको शेयर कित्ता संख्या | प्रतिनिधि | प्रतिनिधित्व गरेको शेयर प्रतिशत |
|---|---|---|---|---|
| १. | चिलिमे जलविद्युत कम्पनी लि. | १४३६६४४९ | श्री ध्रुव राज न्यौपाने | ४३.७३ |
| २. | नेपाल विद्युत प्राधिकरण | ३७८१४३० | श्री गणेश प्रसाद लुइटेल | ११.५१ |
| ३. | जिल्ला समन्वय समिति रसुवा | २२५२०० | अर्जुन प्रसाद पौडेल | ०.६९ |

(ई) कम्पनीको शेयर दाखिल खारिज बन्द भएको मिति २०७७/०९/१६ सम्म कायम ३८४८८० शेयरधनीहरु मध्ये सर्वसाधरण शेयरधनीहरुको तर्फको उपस्थिति :

| क्र.सं. | सर्वसाधारण समुह अन्तर्गतका शेयरधनीहरु | शेयर कित्ता संख्या | उपस्थित शेयरधनी संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १. | सर्वसाधारण शेयरधनीहरु | १५२९६ | ३१ | ०.०५ |

**पदाधिकारीहरु:**

१. किरण कुमार श्रेष्ठ    प्रमुख कार्यकारी अधिकृत
२. मुरली प्रसाद शर्मा    कानुनी सल्लाहकार
३. घनश्याम श्रेष्ठ    कम्पनी सचिव
४. अर्पण बहादुर सिंह    आयोजना प्रमुख, सान्जेन जलविधुत आयोजना(४२.५ मे.वा.)
५. सुधनसिंह महत    आयोजना प्रमुख, सान्जेन माथिल्लो जलविधुत आयोजना(१४.८ मे .वा.)

(ग) **सभामा छलफलका लागि प्रस्ताव गरिएका विषयहरु:**

साधारण सभामा निम्न साधारण प्रस्तावहरु छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएका थिए:

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा आर्थिक वर्ष २०७६/७७ को वार्षिक प्रतिवेदनको प्रस्तुति र त्यसको स्विकृति ।

२. आ.व. २०७६/७७ को लेखापरीक्षण प्रतिवेदन सहित . आ.व. २०७६/७७ को वित्तिय विवरण (२०७७ अषाढ ३१ गते सम्मको वासलात र आर्थिक वर्ष २०७६/७७ को नाफा/(नोक्सान) हिसाव , नगदप्रवाह विवरण , ईक्वीटिमा भएको परिवर्तन सहितका अनुसूचीहरु समेत उपर छलफल गरी पारित गर्ने ।
३. आ.व. २०७६/०७७ का लागि बैधानिक लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
४.बिबिध ।

(घ) **सभाको बैधानिकताः**

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ मा भएको प्रावधान र कम्पनीको नियमावली अनुसार साधारण सभा गर्न निर्दिष्ट अवश्यक गणपुरक संख्या पुगेको कुरा जानकारी गराउदै कूल शेयर सङ्ख्याको ५७.९८% शेयरको प्रतिनिधित्व हुने गरी शेयर धनीहरुको उपस्थिति रहेको कुरा कम्पनीको शेयर रजिष्ट्रारबाट जानकारी प्राप्त भएकोले सभा सञ्चालन गर्न सक्ने कुरा सभामा जानकारी दिनुका साथै सभा प्रारम्भ गर्न अनुमति माग गर्दा उपस्थित शेयरधनीहरुको सभावाट गणपुरक संख्या पुगेको र सभा रितपूर्वक बोलाइएको ठहर गरी विधिवत रुपमा सभा संचालन गर्ने निर्णय भयो । यस बार्षिक साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष श्री मनोज सिल्वालज्यूले गर्नु हुने कुरा पनि सभामा जानकारी गराइयो । त्यसपछि विषयसूची अनुसार सभाको कार्यक्रम प्रारम्भ भयो ।

(ङ) **सभा संचालन तथा प्रस्ताव उपर छलफलः**

विषयसूची अनुसार साधारण सभाको कार्यक्रम संचालन गर्न अध्यक्षज्यूबाट अनुमति प्राप्त भएपछि कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री मनोज सिल्वालज्यूलाई कम्पनीको आ.व. २०७६/७७ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गर्नु भयो । तत्पश्चात अध्यक्षज्यूले सञ्चालक समितिका तर्फबाट आ.व. २०७६/७७ को वार्षिक प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो । अध्यक्षज्यूबाट वार्षिक प्रतिवेदन प्रस्तुत भएपछि शेयरधनीहरुलाई उपलब्ध गराइएको लेखापरिक्षण प्रतिवेदन सहितको आ.व. २०७६/७७ को आर्थिक विवरण तथा बार्षिक प्रतिवेदन उपर आ-आफ्नो राय, प्रतिक्रिया तथा सुझाव राख्न तथा सो सम्बन्धमा छलफल गर्न अनुरोध गरिएको थियो ।

२. **शेयरधनीहरुबाट प्राप्त जिज्ञासा ,राय तथा सुझावः**

अध्यक्षज्यूले कम्पनीको आ.व. २०७६/७७ को वार्षिक प्रतिवेदन प्रस्तुत गरिसकेपछि शेयरधनी/शेयरधनीका प्रतिनिधिहरुको तर्फबाट उक्त प्रतिवेदन उपर धारणा राख्दै निम्न शेयरधनीहरुले निम्न बमोजिमका राय सुझाव र प्रतिकृया एंव जिज्ञासा राख्नु भएको थियोः

**गणेश प्रसाद लुईटेल :**

कम्पनीबाट निर्माणाधिन आयोजनाहरुको अवस्था र निर्माण सम्पन्न हुने स्थितिको बारेमा जिज्ञाशा राख्दै छिटो सम्पन्न गर्न आवश्यक सवै उपाय अपनाउन सुझाव दिनु भएको थियो ।

**जयनारायण भुसालः**

कम्पनीबाट संचयकर्ता तर्फ वितरित शेयर डि म्याट खातामा नआएको सम्बन्धमा फेसबुक लाईभमा जिज्ञाशा राख्नु भएको थियो । सो जिज्ञासाका सम्बन्धमा तत्कालै कम्पनी सचिवले स्पषट पार्नु हुँदै उक्त शेयर सर्वसाधारणमा शेयर जारी भएको मिति २०७६ बैसाख १९ गतेबाट ३ वर्ष सम्म लकिङ्ग पिरियड हुने र उक्त पिरियड समाप्त हुनु अगावै शेयरधनीहरुको

खातामा पठाईने कुरा जानकारी गराउनु भएको थियो। उक्त शेयरको सम्बन्धमा जानकारी लिन कम्पनीको आधिकारीक वेभसाईटमा गई आफ्नो शेयरको विवरण हेर्न सकिने कुरा समेत स्पष्ट पार्नु भएको थियो।

३. **<u>सञ्चालक समितिका अध्यक्ष श्री मनोज सिल्वालज्यूको जवाफः</u>**

प्रस्तुत शेयरधनीको राय सुझाव र जिज्ञासाका सम्बन्धमा सञ्चालक समितिका अध्यक्षज्यू ले प्रस्ट पार्दै निम्न बमोजिम जवाफ दिनु भयोः

शेयरधनीका प्रतिनिधिको जिज्ञासाको उतर दिनुहुदै संचालक समितिका अध्यक्ष मनोज सिलवालज्यूले आयोजना छिटो सम्पन्न गर्न ब्यवस्थापन लागि परेको उल्लेख गर्दै चीनको ल्हासामा ठेकेदारले स्टोर गरिराखेको सामान चीन सरकारको आवत जावतको प्रोटोकल र ट्रान्सपोर्ट प्रोटोकलका कारण ठेकेदारले चाहेर पनि सामान ल्याउन नसकेको अवस्था रहेको सो को लागि ल्हासा स्थित बाणिज्य दुतावासमा समेत सम्पर्क गरी आवस्यक सहकार्य भईरहेको ले उक्त समस्या सामाधानका लागि ब्यवस्थापनले विभिन्न निकाय संग समन्वय गरी समाधान गर्न अधिकतम प्रयास गरी रहेको जानकारी गराउनु भएको थियो। साथै अयोजना यथासक्य चाँडो सम्पन्न गर्न ब्यवस्थापन लागि परेको कुरा पनि स्पष्ट पार्नु भयो।

४. **<u>निर्णयहरूः</u>**

शेयरधनीबाट उठाइएका जिज्ञासा तथा प्रश्नहरुका सम्बन्धमा अध्यक्ष श्री मनोज सिल्वालज्यूबाट स्पष्ट पार्ने कार्य सकिएपछि कम्पनीका कम्पनी सचिवले साधारण सभाको विषयसूचीमा उल्लेख भए बमोजिम प्रस्तावहरु स्वीकृतिका निमित्त क्रमशः प्रस्ताव राख्नु भयो र सभाबाट देहाय बमोजिम निर्णय भयो :

क. साधारण सभा समक्ष प्रस्तुत भएको आ.व. २०७६/७७ को सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुतव बार्षिक प्रतिवेदन माथिको छलफल र त्यसमा शेयरधनीहरुको तर्फबाट राय प्रतिकृया व्यक्त गर्ने कार्य सम्पन्न भई अध्यक्षज्यूबाट शेयरधनीहरुको जिज्ञासामा स्पष्ट पार्ने कार्य समेत सकिएकोले उक्त आ.व. २०७६/७७ को बार्षिक प्रतिवेदन पारित गरिदिन सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट उक्त प्रतिवेदन सर्व सम्मतिबाट पारित गर्ने निर्णय भयो।

ख. लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको आ.व.२०७६/७७ को लेखापरीक्षीत बित्तीय विवरणहरु (२०७७साल आषाढ३१गतेको वासलात र आ.व. २०७६/७७ को नाफा र नोक्सान हिसाव, नगद प्रवाह विवरण र ईक्वीटीमा भएको परिवर्तन र सोको अनुसूचीहरु) स्वीकृतीको लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट उक्त आर्थिक विवरणहरु सर्वसम्मतिले पारित गर्ने निर्णय भयो।

ग. लेखापरीक्षण ऐन २०४८ संसोधन सहितको ब्यवस्था अनुरुप कम्पनीको बाह्य लेखापरीक्षकको नियुक्तिका लागि महालेखापरीक्षकको कार्यालयको परामर्श आवश्यक पर्ने भई परामर्श माग गरिएकोमा महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षक चार्टर्ड एकाउण्टेन्ट श्री संजिव ढकाल चार्टर्ड एकाउण्टेण्टको नाम सिफारिस भई आएको व्यहोरा सभालाई जानकारी गराइयो। यस सम्बन्धमा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम सोही ऐन बमोजिम गठित लेखापरीक्षण समितिले लेखापरीक्षकको नियुक्ति सम्बन्धमा गरेको सिफारिसको जानकारी गराउँदै

लेखापरीक्षण समितिको तर्फबाट कम्पनीको आ.व. २०७७/०७८ को हिसाब किताब लेखापरिक्षण गर्न बैधानिक लेखापरीक्षणको लागि श्री महालेखापरिक्षकको कार्यालयको राय र लेखापरिक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक चार्टर्ड एकाउण्टेन्ट श्री संजिव ढकाललाई नियुक्त गर्न प्रस्ताव गर्ने निर्णय भएको व्यहोरा सभा समक्ष प्रस्तुत गरियो। लेखापरीक्षकको पारिश्रमिकका सम्बन्धमा (मूल्य अभिबृद्धि कर बाहेक) रु.१,८५,०००/- (एक लाख पचासी हजार) पारिश्रमिक निर्धारण हुन लेखापरीक्षण समितिबाट सिफारिस भएको कुरा पनि सभामा जानकारी गराइयो। प्रस्तुत प्रस्तावमा छलफल गरी सभाले आ.व. २०७७/०७८ को कम्पनीको हिसाब किताबको बैधानिक लेखापरीक्षण गर्न प्रस्ताव गरिए बमोजिम लेखापरीक्षक चार्टर्ड एकाउण्टेन्ट संजिव ढकाललाई नियुक्त गर्ने र लेखापरीक्षण शुल्क वापत (मु.अ.क. बाहेक) रु. १,८५,०००/- (एक लाख पचासी हजार) पारिश्रमिक तोक्ने पनि सर्वसम्मतिबाट निर्णय भयो।

५. **<u>साधारण सभा समापन भएको घोषणाः</u>**

कम्पनीका अध्यक्षज्यूले सभामा सहभागि सञ्चालकज्युहरु लगायत सम्पूर्ण सहभागि शेयरधनी महानुभावहरु र कर्मचारीहरुलाई धन्यवाद दिदै शेयरधनीको सल्लाह, सुझाव अनुसार कम्पनीले आयोजना सम्पन्न गर्न अधिकतम प्रयास गर्दै जाने विश्वास ब्यक्त गर्दै सभा समापन भएको घोषणा गर्नु भयो।

----------------------
(घनश्याम श्रेष्ठ)
कम्पनी सचिव

----------------------
(मनोज सिल्वाल)
अध्यक्ष